**June 22, 2026**

**यो आकाशवाणी हो। हरिकुमार राईबाट राष्ट्रिय समाचार सुन्नुहोस्।**

***Signature….***

**सुरुमा प्रमुख समाचार**

१. प्रधानमन्त्रीद्वारा लखनऊमा भएको विनाशकारी आगलागीप्रति शोक व्यक्त

२. राष्ट्रपतिले मध्यप्रदेशमा कुनो राष्ट्रिय निकुञ्ज र "चित्ता कमाण्ड एण्ड कन्ट्रोल सेन्टर" को गर्नुभयो भ्रमण

३. भारत रक्षा क्षेत्रमा आत्मनिर्भर बनिरहेको र केवल हतियार खरिदकर्ता रहन नचाहेको प्रधानमन्त्रीको भनाइ

४. भारतीय विदेशमन्त्री र मङ्गोलियाका विदेशमन्त्र ीबीच भेटवार्ता

५. गृहमन्त्री एवं सहकारीमन्त्रीले भोलि नयाँ **राष्ट्रिय कृषि सहकारी मार्केटिङ फेडरेशन अफ इन्डिया**-को लिलामी पोर्टलको गर्नुहुनेछ सुरुवात

**अब समाचार विस्तारमा..**

**PM-Luknow Fire**

प्रधानमन्त्री नरेन्द्र मोदीले लखनऊमा भएको विनाशकारी आगलागीप्रति शोक व्यक्त गर्नुभयो। सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभक ो कामना गर्नुभयो। उहाँले उद्धारकार्य जारी रहेको र अधिकारीहरूले सबै सम्भावित सहयोग प्रदान गरिरहेको जानकारी दिनुभयो। श्री मोदीले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट मृतकका परिवारलाई प्रतिव्यक्ति २ लाख रूप ियाँ र घाइतेहरूलाई प्रतिव्यक्ति ५० हजार रूप ियाँ सहयोगको घोषणा गर्नुभयो।

## Prez-Madhya Pradesh

राष्ट्रपति द्रौपदी मुर्मुले आज मध्य प्रदेशको श्योपुर जिल्लास्थित कुनो राष्ट्रिय निकुञ्जमा "चित्ता मित्र" र सहरी जनजातिका सदस्यहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले "चित्ता परियोजना" मा उनीहरूको योगदानको प्रशंसा गर्नका साथै, यस महत्त्वाकाङ्क्षी संरक्षण कार्यक्रमको सफलतामा स्थानीय समुदायको सक्रिय सहभागिताले महत्त्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गर्नुभयो। यसअघि, राष्ट्रपतिले कुनो राष्ट्रिय निकुञ्जभित्र सफारीमा गएर चित्ता पुनर्वास परियोजनाको प्रगतिको समीक्षा पनि गर्नुभयो। साथै, उहाँले "चित्ता कमाण्ड एण्ड कन्ट्रोल सेन्टर" को भ्रमण गर्नुभयो। उहाँले "चित्ता परियोजना" सम्बन्धी प्रदर्शनी हेर्नुभयो र जनावरहरूको अनुगमन, ट्र्याकिङ र संरक्षणका लागि गरिएका उपायहर ूबारे जानकारी लिनुभयो।

## PM-Reliant

प्रधानमन्त्री नरेन्द्र मोदीले समुद्री क्षमताले देशको आर्थिक र रणनीतिक शक्तिमा महत्त्वपूर्ण भूमिका खेल ्ने र भारत यसलाई बलियो बनाउने दिशामा द्रुत गतिमा अगाडि बढिरहेको बताउनुभयो। उहाँले कोलकातामा तीन स्वदेशी रूपमा निर्मित नौसेना जहाजहरू - दुनागिरी, संशोधन र अग्रयलाई नौसेनामा समावेश गरेपछि, भारत रक्षा क्षेत्रमा आत्मनिर्भर हुँदै गइरहेको र केवल हतियार खरिदकर्ता मात्र रहन नचाहेको बताउनुभयो।

## Foreign Minister-Mangolia

विदेशमन्त्री एस. जयशङ्करले आज उलान-बटारमा मङ्गोलियाका विदेशमन्त्री बत्सेत्सेग बत्मुनखसँग भेट गर्नुभयो। डा. जयशंकरले भारत-मङ्गोलिया रणनीतिक साझेदारी, यसको सबलता र सम्भावनामा छलफल केन्द्रित रहेको जानकारी दिनुभएको छ। नेताद्वयले विकास परियोजनाहरू, क्षमता निर्माण, संस्कृति, शिक्षा, सुरक्षा र बहुपक्षीय मञ्चहरूमा द्विपक्षीय सहयोगको प्रगतिको समीक्षा गर्नुभयो। आफ्नो भ्रमणको दोस्रो चरणमा डा. जयशंकरले दक्षिण कोरियाको भ्रमण गर्नुहुनेछ। यस भ्रमणक ा क्रममा उहाँले त्यहाँका विदेशमन्त्री चो ह्युनसँग भेटवार्ता गर्नुहुनेछ। उहाँले बिहीबार जेजुमा जेजु शान्ति र समृद्धि मञ्चमा मुख्य भाषण पनि दिनुहुनेछ

## Home Minister-Portal

गृहमन्त्री एवं सहकारी मन्त्री अमित शाहले भोलि नयाँ दिल्लीमा राष्ट्रिय कृषि सहकारी मार्केटिङ फेडरेशन अफ इन्डिया, NAFED को लिलामी पोर्टलको सुरुवात गर्नुहुनेछ। पोर्टलको सुरुवात लिलामी प्रक्रियाको पारदर्शिता, दक्षता र सहज सञ्चालनलाई सुदृढ पार्ने दिशामा एक महत्त्वपूर्ण कदम हो। सहकारी मन्त्रालयले बताएअनुसार कार्यक्रमका क्रममा, श्री शाहले NAFED का धेरै महत्त्वपूर्ण डिजिटल र किसान-केन्द्रित पहलहरू पनि सुरु गर्नुहुनेछ। यसमा किसानहरूका छोराछोरीका लागि NAFED कल्याणकारी छात्रवृत्ति अनि दाल र तिलको भण्डारण व्यवस्थापनका लागि दृष्टिकोण पोर्टल र उद्यम स्रोत योजनालाई बलियो बनाउन उद्यम स्रोत योजना पोर्टल समावेश छन्।

## Defence Minister-Israel

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा इजरायली रक्षा मन्त्रालयका महानिर्देशक अवकाशप्राप्त मेजर जनरल अमिर बारामसँग भेट गर्नुभयो। रक्षा मन्त्रालयले सामाजिक सञ्जाल पोस्टमा जानकारी दिएअनुसार, श्री बारामले राजनाथ सिंहलाई दुई देशको विशेष रणनीतिक साझेदारीक ा सन्दर्भमा भारत-इजरायल रक्षा सहयोग बढाउन इजरायलको प्रतिबद्धता व्यक्त गर्नुभयो।

## Brics-NSA Meet

ब्रिक्स राष्ट्रिय सुरक्षा सल्लाहकार, NSA को बैठक नयाँ दिल्लीमा भइरहेको छ। दुईदिने बैठकको अध्यक्षता राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले गर्नुभएको छ। बैठकमा समूहका ११ सदस्य देशका सुरक्षा प्रमुखहरू सहभागी छन्। यी देशहरूमा भारत, ब्राजिल, चीन, इजिप्ट, इथियोपिया, इन्डोनेसिया, इरान, रूस, साउदी अरेबिया, दक्षिण अफ्रिका र संयुक्त अरब इमिरेट्स समावेश छन्। बैठक मुख्यतः आज विश्वले सामना गरिरहेका गैरपरम्परागत सुरक्षा चुनौतीहरूमा केन्द्रित छ। बैठकमा राष्ट्रिय सुरक्षा खतराहरूको द्रुत रूपमा परिवर्तनशील प्रकृति र उदीयमान सुरक्षा जोखिमहरूमा नयाँ प्रविधिहरूको भूमिकाबारे छलफल गरिनेछ। प्रतिनिधिहरूले साइबर सुरक्षा, डिजिटल कमजोरी र कृत्रिम बुद्धिमत्ता, AI सँग सम्बन्धित खतराहरूमा पनि छलफल गर्नेछन्।

## Gajendra Shekhawat

संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले आज नयाँ दिल्लीमा पर्यटन तथा आतिथ्य क्षेत्रका प्रतिनिधिहरूसँगको व्यवसायलाई सहज बनाउने सम्बन्धमा सम्पन्न अन्तरक्रियात्मक सत्रमा भाग लिनुभयो। श्री शेखावतले पर्यटन तथा आतिथ्य क्षेत्रको विकास लाखौँ मानिसको जीवन परिवर्तन गर्ने माध्यम भएको बताउनुभयो। उहाँले केन्द्र सरकारले रोजगारी, विकास र समृद्धिका लागि नयाँ अवसरहरू सिर्जना गरिरहेको पनि जानकारी दिनुभयो।

## British PM Resign

बेलायती प्रधानमन्त्री केयर स्टार्मरले प्रधानमन्त्री र लेबर पार्टी नेताको पदबाट राजीनामा दिने घोषणा गर्नुभएको छ। आफ्नै पार्टी भित्रबाट बढ्दो दबाबको बीच उहाँले डाउनिङ स्ट्रिटमा आफ्नो कार्यकाल समाप्त गर्नुभयो। उहाँले दुई वर्षअघि डाउनिङ स्ट्रिटमा भएको आफ्नो आगमनलाई जीवनको "गर्वको क्षण" भएको बताउँदै, लाखौँ मानिसहरूको जीवन परिवर्तन गर्ने उद्देश्यले आफू राजनीतिमा प्रवेश गरेको बताउनुयो। श्री स्टारर्मरले सेप्टेम्बरमा संसद सत्र सुरु हुनुभन्दा अघि नयाँ नेता चयन नभएसम्म आफ्नो पदमा रहने जानकारी दिनुभयो।

## Mandavia-Kerala

युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मान्डवियाले भोलि केरलामा फिटनेस, खेलकुद उत्कृष्टता र खेलकुदमा सार्वजनिक सहभागितालाई प्रवर्धन गर्ने विभिन्न कार्यक्रममा भाग लिनुहुनेछ। उहाँले तिरुवनन्तपुरमको चकाई आई.टी.आई देखि शङ्कुमुघम समुद्र तटसम्म साइकल र्‍याली, **साइक्लिङ बाई द सी**-मा भाग लिएर सुरुवात गर्नुहुनेछ। साथै, श्री मान्डवियाले मायालोमस्थित जी.भी. राजा स्पोर्ट्स स्कूलको पनि भ्रमण गर्नुहुनेछ, जुन एक प्रतिष्ठित खेल संस्था हो। आफ्नो भ्रमणको क्रममा, उहाँले तिरुवनन्तपुरमको केरला विश्वविद्यालय स्टेडियममा २०२६ आइची-नागोया एसियाली खेलकुद फन रन कार्यक्रममा पनि भाग लिनुहुनेछ। यो कार्यक्रम २०२६ एसियाली खेलकुद प्रचार अभियान र अन्तर्राष्ट्रिय ओलम्पिक दिवस समारोहको एक हिस्सा हो। विद्यार्थी, खेलाडी, युवा स्वयंसेवक र नागरिकहरू सहित ४० हजारभन्दा बढी मानिसहरूले फन रनमा भाग लिने अपेक्षा गरिएको छ।

## FIFA World Cup

फिफा विश्वकप फुटबलमा समूह **जी** मा रहेको इरान र बेल्जियमबीचको खेल गोलरहित बराबरीमा सकिएको छ। खेलको ६६ औँ मिनेटमा नाथन न्गोयलाई मैदानबाट बाहिर पठाइएपछि बेल्जियमले दस खेलाडीसहित खेल्नुपरेको थियो, तर इरानले त्यसको फाइदा उठाउन सकेन। यसैबीच, समूह **एच** मा स्पेनले साउदी अरेबियालाई चार-शून्यले पराजित गर्दै अर्को चरणमा स्थान बनाएको छ। आज समूह **एच** मा उरुग्वे र केप वर्डेबीच खेल सम्पन्न भइरहेको छ। समूह **जी** मा न्युजिल्याण्ड र इजिप्ट आमनेसामने हुनेछन् भने समूह **जे** मा अर्जेन्टिनाले अस्ट्रियाको सामना गर्नेछ।

## BCCI-England Visit

भारतीय क्रिकेट नियन्त्रण बोर्डले जुलाई १४ देखि सुरु हुने आगामी इंग्ल्याण्ड भ्रमणका लागि आफ्नो १५ सदस्यीय एकदिवसीय टोलीको घोषणा गरेको छ। विराट कोहली र जसप्रीत बुमराहजस्ता वरिष्ठ खेलाडीहरू टोलीमा फर्किएका छन्। भ्रमणमा शुभमन गिल कप्तान र श्रेयस अय्यर उपकप्तान रहनेछन्। बोर्डले रोहित शर्मा, केएल राहुल, इशान किशन, वाशिङ्गटन सुन्दर, अक्षर पटेल, नितिश कुमार रेड्डी, कुलदीप यादव, जसप्रीत बुमराह, प्रसिद्ध कृष्णा, हर्षित राणा, अर्शदीप सिंह र गुरनूर ब्रारलाई पनि टोलीमा समावेश गरेको छ।

### अन्त्यमा प्रमुख समाचार पुनः एकपटक

१. प्रधानमन्त्रीद्वारा लखनऊमा भएको विनाशकारी आगलागीप्रति शोक व्यक्त

२. राष्ट्रपतिले मध्यप्रदेशमा **कुनो राष्ट्रिय निकुञ्ज** र **"चित्ता कमाण्ड एण्ड कन्ट्रोल सेन्टर"** को गर्नुभयो भ्रमण

३. भारत रक्षा क्षेत्रमा आत्मनिर्भर बनिरहेको र केवल हतियार खरिदकर्ता मात्र रहन नचाहेको प्रधानमन्त्रीको भनाइ

४. भारतीय विदेशमन्त्री र मङ्गोलियाका विदेशमन्त्रीबीच भेटवार्ता

५. गृहमन्त्री एवं सहकारीमन्त्रीले भोलि नयाँ राष्ट्रिय कृषि सहकारी मार्केटिङ फेडरेशन अफ इन्डिया-को लिलामी पोर्टलको गर्नुहुनेछ सुरुवात

**आकाशवाणीबाट राष्ट्रिय समाचार पूरा भयो**